# कचनकवल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बनियानी, झापा

१.नं. प्रदेश, नेपाल

पत्र संख्या: २०७९/०८०
सूचना नं. :- ०५- २०७९/०८०

मिति :- २०७९/०८/१२ गते

## सेवा करार पदपूर्ति सम्बन्धी सूचना !!!

**प्रथम पटक प्रकाशित मिति :- २०७९/०८/१३**

प्रस्तुत विषयमा यस कचनकवल गाउँपालिकाको कार्यलयको मिति २०७९/०८/१२ गतेको निर्णयानुसार यस गाउँपालिकाको चार पांग्रे सवारीसाधन चलाउने प्रयोजनको लागि देहाय बमोजिमको पदमा सेवा करार मार्फत पदपूर्ति गर्नुपर्ने भएको हुँदा तपसिल बमोजिमका योग्यता भएका तथा इच्छुक नेपाली नागरीकहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### देहाय :-

| सि. नं. | विज्ञापन नं . | सेवा करार | पद | माग संख्या |
|---|---|---|---|---|
| १ | ०२-२०७९/०८० | विविध / श्रेणीविहिन | हलुका सवारी चालक | १ (एक) |

### तपसिल :-

१. परीक्षाको किसिम :- अन्तरवार्ता र प्रयोगात्मक परिक्षण समेत ।
२. आवश्यक न्युनतम योग्यता :- साधारण लेखपढ गर्न सक्ने तथा सम्बन्धित विषय वा सो क्षेत्रको कम्तिमा ५ (पाँच) वर्षको कार्य अनुभव ( सवारी चालक अनुमति प्राप्त गरेको मितिले ५ वर्ष) ।
३. उमेरको हद :- दरखास्त दिने अन्तिम मिति सम्म २५ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको ( महिलाको हकमा ४५ वर्ष ननाघेको )।
४. परीक्षा केन्द्र :- कचनकवल गाउँ कार्यपालिकाको कार्यालय, बनियानी, झापा ।
५. परीक्षा दस्तुर :- रु. ३०० |- (तीन सय रुपैयाँ मात्र) र दरखास्त दस्तुरको लागि यस यस कार्यालयको राजश्व शाखामा नगद दाखिला गरेको सक्कल भौचर/ रषिद पेश गर्नुपर्नेछ ।
६. दरखास्त दिने स्थान :- कचनकवल गाउँ कार्यपालिकाको कार्यालय, बनियानी, झापा ।
७. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजात :- (१) नेपाली नागरिकताको प्रतिलिपि (२) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (३) पासपोर्ट साइज फोटो ३ (तीन) थान (दुवै कान देखिने गरी) (४) चारित्रिक प्रमाण पत्र र कार्य अनुभवको प्रमाणित प्रतिलिपिहरु
८. दरखास्त दिने अन्तिम मिती :- २०७९/०८/२७ गते कार्यालय समय भित्र।
९.लिखित, अन्तरवार्ता तथा प्रयोगात्मक परिक्षणको लागि सम्पर्क मिति :- २०७९/०८/ २९ गते ।
१०. दरखास्त दर्ता :- दरखास्त फारम लोकसेवा आयोगको ढाँचामा भरी गाउँ कार्यपालिकाको कार्यालयमा तोकिएको अवधि भित्र बुझाई सक्नुपर्नेछ ।
११. पदमा रही गर्नुपर्ने कामको विवरण :- सेवा, समूह सम्बन्धी कार्यालयबाट तयार गरिएको (TOR) अनुसार ।
१२. तलब स्केल :- नेपाल सरकारको नियमानुसार ।
१३. कामकाज गर्नुपने :- कचनकवल गाउँपालिका अन्तर्गत रही कामकाज गर्नुपर्नेछ । स्थानीय तथा सरकारी सेवाको कार्यअनुभव भएको अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ ।
१४. यस सम्बन्धमा थप बुझ्नपरे गाउँपालिकाको प्रशासन शाखाको सम्पर्क नं :- ९८४२३८६१८६ मा सम्पर्क गरि बुझ्न बुझ्न सकिनेछ ।

..............................
प्रमुख प्रशासकीय अधिकृत
हिरा कुमारी यादव
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :-**

श्री सूचना प्रविधि शाखा, कचनकवल गाउँपालिका, झापा । ( सूचना कार्यालयको वेभ साइटमा अपलोड गरिदिनुहुन ।)